लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय

☎ ०८६-४६०१४३
✉ sddo.pyuthan1@gmail.com
www.sddopyuthan.lumbini.gov.np

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- ४४०

मिति :२०८३।०२।१३

**विषय: शिक्षक प्रतिभा पहिचान कार्यक्रममा सहभागिता सम्वन्धमा ।**

श्री सम्पूर्ण शिक्षक ज्यूहरु,
प्यूठान र रोल्पा।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस कार्यालयबाट कार्यान्वयन हुने शिक्षक प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत देहाय बमोजिम समस्याको विषयमा रहेर समस्या समाधान गर्ने सीपको प्रस्तावना लेखन तथा प्रस्तुतिकरण तपसिलको मिति ,समय र स्थानमा प्रतियोगिता संचालन हुने भएकोले मिति २०८३।०२।२६ गते कार्यालय समय भित्र यस कार्यालयको आधिकारिक ईमेल ठेगानामा (sddopyuthan@gmail.com) प्राप्त हुने गरि प्रस्तावना पत्र पठाईदिनुहुन अनुरोध छ। साथै मौलिकता र रचनात्मक प्रस्तुतिकरणको लागि तोकिएको मितिमा हुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

**विषयवस्तु**

तपाई लुम्बिनी प्रदेशको प्यूठान र रोल्पा जिल्लाको कुनै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक हुनुहुन्छ।विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ।केही विद्यालयहरु विद्यार्थी नभएर बन्द हुने अवस्थामा पुगेका छन।धेरै जसो शिक्षकहरु आफ्नो छोरा छोरीलाई संस्थागत विद्यालयमा पढाउने गरेको देखिन्छ। शिक्षकले आफैलाई विश्वास नगरेको देखिन्छ। उता तराईको जिल्लामा विद्यार्थी बढ्दै गएको र सामुदायिक विद्यालय तर्फका केही राम्रा विद्यालयहरुका विद्यार्थी संख्या बढ्दै गएको र अंग्रेजी माध्यम पनि संचालन गरेको अवस्था पनि छ। केही सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएको छ। संस्थागत विद्यालयहरुमा भने विद्यार्थी संख्या पनि बढ्दै गएको अवस्था छ। समाजका अगुवा नागरिकहरु, अभिभावकहरु, विद्यालय व्यवस्थापन समितिले शिक्षकहरुले पढाउदैन्न भन्ने अरोप सुन्नु परेको छ। विद्यालयको शैक्षिक गुणस्तरप्रति पनि सन्तुष्ट छैनन्। AI र सूचना प्रविधिको प्रयोग पनि कम छ ।नियमानुसार शैक्षिक सामाग्रीहरुको पनि कम प्रयोग भएको छ। शिक्षकहरुलाई तालिमको पनि व्यवस्था छ।शैक्षिक योग्यता पनि पुगेको छ।राज्यका तिनै तहको तर्फबाट लगानी धेरै भएको छ। अभिभावकहरुको सामुदायिक विद्यालयलाई हेर्ने नजरमा सुधार ल्याउन सकिएको छैन।विद्यालयले अपेक्षित रुपमा नतिजा सुधार गर्न सकेको छैन।गणित र विज्ञान विषयको नतिजा अरु विषयको तुलनामा सन्तोषजनक छैन।उल्लेखित परिवेशमा तपाई एक जिम्मेवार शिक्षकको हैसियतले तपसिलका बुदा भित्र समस्या समाधानको प्रस्तावना तयार गर्नुहोस।

१. समस्याको मुल कारण पत्ता लगाई समाधानका उपायहरु सिफारीस गर्नुहोस।
२. विशेषत: अभिभावकहरुलाई र समुदायलाई विद्यालय प्रति आकर्षित गर्न तपाईको कस्तो विशेष भुमिका सहितको कार्यक्रम संचालन गर्नुहुन्छ। कार्यान्वयन योग्य रणनितिक योजना तयार गर्नुहोस।
३. आगामि एक शैक्षिक सत्र भित्र समग्र विद्यालयको नतिजा, भौतिक र प्रविधिमैत्री वातावरणमा सुधार ल्याउन के गर्नुपर्ला। नमुना सुधार कार्य योजना (Action Plan) तयार गर्नुहोस।

-उत्कृष्ट १० वटा प्रस्तावहरुको प्रस्तुतिकरण मिति २०८३।०२।२७ गते, विहान ११:०० वजे, श्री जनता मा. वि. बाग्दुला प्यूठानको हलमा हुने छ।

-पुरस्कार रकम: प्रथम रु १०,०००-।, द्धितीय रु ८,०००।-, तृतीय रु ६,०००।- र सान्त्वना रु ४,०००।- र प्रमाण पत्र प्रदान गरिनेछ। पुरस्कार रकममा नियमानुसार करकट्टी हुनेछ।

-उत्कृष्ट ३ जनालाई लुम्बिनी प्रदेश स्तरीय प्रतियोगितामा सहभागिताको लागि पठाईने व्यवस्था रहेको छ।

राम करन पाल
नि. कार्यालय प्रमुख